# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ २० गते / 5 September 2026

## ०१ माननीय मन्त्रीज्यूबाट बाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन

- गजुरी-५ गलौंदी (पृथ्वी राजमार्ग क्षेत्र)
- फुर्केखोला होल्डिङ सेन्टर
- धादिङ जोड्ने पुल तथा प्रभावित क्षेत्र
- गजुरी सबस्टेशन (विद्युत प्राधिकरण)

माननीय मन्त्रीज्यूबाट धादिङ जिल्लाका बाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन भएको छ। अनुगमनका क्रममा माननीय मन्त्रीज्यूले गजुरी गाउँपालिका–५, गलौंदीस्थित बाढी प्रभावित क्षेत्र तथा पृथ्वी राजमार्ग र आसपासका क्षेत्रको अवलोकन गर्नुभयो। साथै, फुर्केखोला होल्डिङ सेन्टरको निरीक्षण गरी प्रभावित नागरिकहरूको अवस्था तथा उपलब्ध सेवाबारे जानकारी लिनुका साथै धादिङ जोड्ने पुल तथा आसपासका बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्नुभयो। त्यसैगरी, नेपाल विद्युत प्राधिकरण, गजुरी सबस्टेशनको स्थलगत निरीक्षण गरी बाढीपछिको विद्युत सेवा तथा पूर्वाधारको अवस्थाबारे जानकारी लिनुभयो।

## ०२ ज्येष्ठ नागरिकको उद्धार तथा संरक्षण

| ७५ जना | ९० जना | २०८ जना | १०० वटा | ५ जना | शिविर |
|---|---|---|---|---|---|
| रसुवामा उद्धार | रसुवामा बेपत्ता | नुवाकोटमा उद्धार | सहायक सामग्री | देवीघाटमा उत्खनन | विदुर-३ स्वास्थ्य |

**क** विपद् प्रभावित ज्येष्ठ नागरिकहरूको उद्धार, राहत, संरक्षण, स्वास्थ्य सेवा तथा पुनर्स्थापनालाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। हालसम्म प्राप्त विवरण अनुसार रसुवामा ७५ जना ज्येष्ठ नागरिक (३१ जना नेपाली महिला, ६ जना विदेशी महिला, ३७ जना नेपाली पुरूष र १ जना विदेशी पुरूष) को उद्धार भएको छ भने ९० जना ज्येष्ठ नागरिक (५२ जना महिला र ३८ जना पुरूष) बेपत्ता तथा सम्पर्क बिहिन हुनुहुन्छ। नुवाकोटमा हालसम्म २०८ जना ज्येष्ठ नागरिक (१०६ जना महिला र १०२ जना पुरूष) को उद्धार भएको छ।

**ख** मन्त्रालयको समन्वयमा जोखिममा रहेका ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक आश्रम तथा दिवासेवा केन्द्रहरूको विवरण संकलन र स्रोत नक्साङ्कन गरी आवश्यकताका आधारमा उद्धार, अस्थायी आश्रय र सहायक सामग्रीको व्यवस्थापन भइरहेको छ। राहत तथा प्रतिकार्य कार्यमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइएको तथा करिब १०० वटा हिँडडुल सहायक सामग्रीसहित आवश्यक राहत तथा पुनर्स्थापना सहयोग उपलब्ध गराएको छ।

**ग** देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, विदुर नगरपालिका-५, नुवाकोटबाट विनाशकारी वाढीमा परी ५ जना हराईरहनु भएका ज्येष्ठ नागरिकको खोज तथा उद्धार गर्नका लागि डोजरबाट उत्खननको प्रयास भैरहेको छ। यसका साथै अहिले उक्त अध्ययन प्रतिष्ठानसम्म पुग्ने बाटो खोल्ने तथा सरसफाइको काम भईरहेको जानकारी प्राप्त भएको छ। उक्त प्रतिष्ठानको भवनको भुइँतला पूर्ण रूपमा क्षतिग्रस्त भई माटो तथा भग्नावशेषले पुरिएको र भवनको चारैतर्फ पानी जमेको तथा दलदल र हिलो भरिएको अवस्थामा रहेको जानकारी प्राप्त भएको छ।

**घ** विदुर नगरपालिकाको समन्वय र विभिन्न संघसंस्थाहरू (जेरियाट्रिक सोसाइटी अफ नेपाल, बिम्ब नेपाल आर्ट अफ लिभिङ, रोटरी क्लब अफ गोदावरी, रोटरी क्लब अफ काठमाडौं, रोटरी क्लब अफ ग्रीनल्यान्ड काठमाडौं) को आयोजनामा भाद्र २० गते, शनिवार, विदुर नगरपालिका-३, सिटखाली, नुवाकोटमा विपद् प्रभावित ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी ज्येष्ठ नागरिक रोग विशेषज्ञ सेवा तथा परामर्श (Geriatric Health Care and Counseling), हाडजोर्नी तथा अर्थोपेडिक सेवा (Orthopedic Consultation), छालासम्बन्धी सेवा (Dermatology Consultation), मनोचिकित्सकीय सेवा (Psychiatric Consultation), मुटुरोगसम्बन्धी सेवा (Cardiology Consultation), औषधि वितरण, रक्तचाप तथा रक्तमा चिनीको मात्रा जाँच (BP & Sugar Testing) तथा मनोसामाजिक परामर्श सेवा (Psychosocial Counseling) लगायतका स्वास्थ्य सेवाहरू सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भइरहेको जानकारी प्राप्त भएको छ। यसका साथै, विपद् प्रभावित ज्येष्ठ नागरिकहरूलाई नियमित मनोसामाजिक परामर्शका लागि विभिन्न संघ/सस्थाहरूको समन्वयमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ।

**ङ** सरकारले प्रभावित क्षेत्रका ज्येष्ठ नागरिकको विशेष हेरचाहको लागि विभिन्न केयर होमसँग समन्वय गरी सेवा उपलब्ध गराइरहेको छ। राष्ट्रिय ज्येष्ठ नागरिक सेवा समाज नेपाल (Nationally Elderly Care Home Society of Nepal – NECHSON) ले ज्येष्ठ नागरिकहरुको उद्धार एवं हेरचाहका लागि होप हर्मिटेज एल्डर्ली केयर प्रा.लि. (Hope Hermitage Elderly Care Pvt. Ltd.-HHEC) लाजिम्पाटको ब्लक “D” बाट सेवा दिने जानकारी प्राप्त भएको छ।

## बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट (भाग २)

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ २० गते / 5 September 2026

### ०३ विपद् प्रभावित स्थानीय तहमा रहेका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार

**आकस्मिक हवाई उद्धार** रसुवा कालिका–२ की २४ वर्षीया प्रमिला पण्डित (जटिल प्रसूति), खुट्टा फ्याक्चर भएका किशोर र ज्येष्ठ नागरिकको काठमाडौं हवाई उद्धार

रसुवाको कालिका गाउँपालिका वडा नं. २ निवासी वर्ष २४ कि प्रमिला पण्डितलाई जटिल प्रसूति समस्या सृजना भएकोले गर्दा जीवजीवे स्वास्थ्य संस्थामा उपचार हुन नसकी हवाई उद्धार गरी परोपकार प्रसूति गृहमा ल्याइएको छ। सोही समयमा खुट्टा फ्याक्चर भएको एक किशोर र जटिल स्वास्थ्य समस्या भएका ज्येष्ठ नागरिकलाई समेत उक्त हेलिकप्टरमा राखी काठमाडौं ल्याइएको छ। २०८२ भदौमा ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार सम्बन्धी कार्यविधिमा संशोधन गरी बाढी पहिरोले सडक सञ्जाल अवरुद्ध भएमा विशेष परिस्थितिमा अन्य सुगम भौगोलिक क्षेत्रबाट समेत ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशु (२४ घण्टाभित्रको) लाई हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन सकिने प्रावधान राखिएको थियो।

### ०४ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

| ५ वटा | रू. ३.४७ करोड | ४४ नयाँ + २ संशोधन | रू. ३७.७३ करोड |
|---|---|---|---|
| भाद्र २० थप स्वीकृत परियोजना | आज स्वीकृत कुल बजेट | भाद्र १५–२० सम्म स्वीकृत (४१ संस्था) | स्वीकृत कुल प्रतिकार्य बजेट |

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र २० गते थप ५ वटा परियोजना (कुल बजेट रू ३ करोड ४७ लाख ३४ हजार २४४) स्वीकृत गरिएको छ। यससँगै भाद्र १५ देखि २० गतेसम्म ४१ वटा संस्थाको ४४ वटा नयाँ परियोजना स्वीकृति तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु ३७ करोड ७३ लाख २४ हजार ९०५ बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

### ०५ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

**एकद्वार नीति कार्यान्वयन:** राहत सामग्रीहरू NDRRMA, DDMC, LDMC, DAO, स्थानीय तह, सुरक्षा निकाय तथा स्वास्थ्य इकाईलाई हस्तान्तरण गरी वितरण भइरहेको छ।

| ३९ INGOs कुल सहयोग | NP १८ NGOs कुल सहयोग |
|---|---|
| **रू. ३४ करोड १४ लाख २२,९७२** | **रू. १२ करोड ६३ लाख** |
| रू. ३ करोड ९६ लाख ७०,१२५ PM कोषमा | रू. ५५ लाख १५,८७० PM राहत कोषमा |
| लाभान्वित: ७,१५० घरधुरी \| २७,६८१ व्यक्ति | लाभान्वित: २,९०५ घरधुरी \| १२,२३० व्यक्ति |

**क** समाज कल्याण परिषद्बाट प्राप्त विवरण अनुसार हालसम्म ३९ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. ३४ करोड १४ लाख २२ हजार ९७२ बराबरको खाद्य सामग्री, आश्रय, बत्ती, भान्सा सामग्री, सरसफाइ सामग्री, खानेपानी, औषधि तथा स्वास्थ्य सामग्री लगायतको राहत सामग्री सहयोग गरेका छन्। समग्रमा, अन्तर्राष्ट्रिय गै.स.स बाट प्राप्त सहयोगहरूबाट ७,१५० घरधुरी तथा २७,६८१ व्यक्ति (२,१८० महिला, ३,२२५ बालबालिका, २,२९६ अपाङ्गता भएका व्यक्ति, ३,२२५ ज्येष्ठ नागरिक र १०५ गर्भवती/सुत्केरी) लाभान्वित भएको अनुमान छ। साथै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नगद रू. ३ करोड ९६ लाख ७० हजार १२५ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गरेका छन्।

**ख** हालसम्म १८ वटा राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. १२ करोड ६३ लाख बराबरको सहयोग गरेका छन्। राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगबाट २,९०५ घरधुरी, १२,२३० व्यक्ति (२,१८० बालबालिका, २५० अपाङ्गता भएका व्यक्ति, ६०० ज्येष्ठ नागरिक र २५० गर्भवती/सुत्केरी तथा नवजात शिशुसहितका आमाहरू) लाभान्वित भएको अनुमान छ। यसका साथै, राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हालसम्म नगद रू. ५५ लाख १५ हजार ८७० प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ।